'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।' - मदर टेरेसा

रुकुमको लोकप्रिय पत्रिका | हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख

वार्षिक ग्राहक शुल्क १०००।

www.rekhadekh.com

प्रेस काउन्सिल नेपालबाट 'क' वर्गमा वर्गिकृत

राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक १३ रुकुम | २०७९ फागुन १५ सोमबार | 27 February 2023 Monday | पृष्ठ ४

रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा
सूचना तथा विज्ञापन छपाई गर्नु परेमा
पत्रिका नियमित नआएमा
समाचार तथा विचार छपाई गर्नु परेमा


सर्म्पकको लागि :
९८५१२३६७१३,९८४७८७६७१३
Email-rekhadekh@gmail.com



**दाहालको छलाङ**
पाइलैपिच्छे मान मर्दन गरेर प्रधानमन्त्री दाहाललाई अलि बढी नै बिच्क्याएका त अध्यक्ष ओलीले नै हो । ओलीका बोली सुन्नेलाई मात्र होइन भावभंगीमा देख्ने सभ्य व्यक्ति जोसुकैलाई पनि अलि असजिलो लाग्न थालेको थियो ।
२



**सहकारीका समस्या बुझ्न छलफल**
मंगलबार मुसीकोट नगरपालिकाको सभाहलमा एक कार्यक्रमको आयोजना गरेर मुसीकोट नगरक्षेत्र भित्रमा दर्ता भएका सहकारी संस्थाको समस्या, चुनौतिको विषयमा छलफल गरिएको हो ।
३



**च्याउको पनि दिमाग हुन्छ**
बोटबिरुवामा पनि प्राण हुन्छ भन्ने कुरा त हामी सबैलाई थाहा छ । तर वनस्पतीहरूले कुराकानी पनि गर्न सक्दछन् भन्यो भने के तपाईंले पत्याउनुहुन्छ ? वैज्ञानिकका अनुसार च्याउहरुले एकआपसमा मानिसले जस्तै कुराकानी गर्दछन् ।
४

### रूकुम(पूर्व)को भुमे र सिस्नेमा

# टोल शिक्षा कार्यक्रम प्रभावकारी

■ रेखदेख संवाददाता
**रुकुम पश्चिम**

रुकुम पर्वका टोल शिक्षा प्रभावकारी भएको छ। रुकुम पुर्वको सिस्ने र भुमे गाउँपालिकामा सञ्चालन गरेको टोल शिक्षा कार्यक्रम प्रभावकारी बनेको हो। विश्वब्यापी रुपमा फैलिएको कोभिड-१९ ले शिक्षामा पारेको असरलाई न्युनीकरण गर्न रुकुमेली समाज विकास केन्द्रले टोल शिक्षा कार्यक्रम लागु गरेको थियो।



युनिसेफ तथा युएसआइडिको आर्थिक सहयोग र रुकुमेली समाज विकास केन्द्र रुकुमले रुकुम पूर्वको सिस्ने र भुमे गाउँपालिकाकामा ६९ वटा विद्यालयहरुलाई लक्षित गरेर टोलशिक्षा लागू गरिएको थियो। जसमा सिस्ने गाउँपालिकाका ३६ र भुमे गाउँपालिकाकाका ३३ वटा विद्यालयलाई लक्षित गरेर टोलशिक्षा कार्यक्रम लागू गरिएको थियो। टोल शिक्षा कार्यक्रम अर्न्तगत कोभिड - १९ ले शिक्षा क्षेत्रमा पारेको असरलाई न्यूनीकरण गरेको आधारभूत विद्यालय भुरुंगाका प्रधानाध्यापक मोहनकुमार पुनले जानकारी दिएका छन्। उनले भने, कोभिड १९ले शिक्षाको गुनस्तर खस्केको थियो, अहिले टोल शिक्षा कार्यक्रमले विद्यार्थीको पढाईमा सुधार हुनका साथै विद्यार्थीको उपस्थितदरमा समेत वृद्धि भएको छ। टोल शिक्षामार्फत उपचारत्मक कक्षा सञ्चालन हुने गरेको छ। रुकुमेली समाज विकास केन्द्रले टोल शिक्षासँग सँगै विद्यार्थीहरुलाई सिकाईदरमा वृद्धि गर्नका साथै विद्यार्थीहरुलाई विद्यालयमा टिकाउन प्रविधी समेत हस्तान्तरण गरेको थियो। जसमा ट्यावलेट र बुलुथत स्पीकर वितरण गरिएको रुकुमेली समाज विकास केन्द्रका अध्यक्ष नरबहादुर नेपालले जानकारी दिएका छन्। उनले भने, सिस्ने र भुमे गाउँपालिकामा १६६ वटा ट्यावलेट वितरण गरेको छ। विद्यालयमा ट्यावलेट वितरण गरेपछि विद्यार्थीहरुले विद्यालयमा रमाई रमाई पढ्न थालेका छन्। संस्थाले विद्यालयमा टोलशिक्षा, प्रविधी हस्तान्तरणका साथै सरसफाई सामग्री र विद्यालयमा भौतिक पूर्वाधार समेत निर्माण गरिएको जनाएको छ।

युनिसेफ तथा युएसआइडिको आर्थिक सहयोग र रुकुमेली समाज विकास केन्द्रले सञ्चालन गरेको कार्यक्रमको सरोकारवाला निकायले अनुगमन समेत गरेका छन्। सिस्ने गाउँपालिकाको आधारभुत विद्यालय भुरुंगा र भुमे गाउँपालिकाको जनता आधारभुत विद्यालय सेराबाङमा सरोकारवाला निकायले अनुगमन गरेको कार्यक्रम संयोजक रमेश गौतमले जनाकारी दिएका छन्।

बिद्यालयमा सञ्चालन भएको टोल शिक्षा कार्यक्रमको प्रभाब लगाएतको बिषय सरोकारवाला सहित कार्यालयका कर्मचारीले गरेको बिद्यालय अनुगमन गरेका थिए। टोल शिक्षाले बालबालिका,अभिभाबक ,शिक्षकलाई नै सक्रिय बनाएको बताएको छ। विहिवार सिस्ने गाउँपालिका वडा नं. ८ मा रहेको आधारभुत बिद्यालय भूरुङगाको अनुगमन गरिएको थियो। भने शुक्रबार जिल्लाको भूमे गाउपालिका वडा नं. ५ सेराबाङमा रहेको श्री जनता आधारभूत बिद्यालयको अनुगमन गरिएको थियो। अनुगमनको क्रममा टोल शिक्षा कार्यक्रमले समग्र बिद्यार्थी , बिद्यालयका शिक्षक तथा अभिभाबकलाई नै सक्रिय बनाउने कार्य गरेको स्थानीयले बताएका छन। अनुगमन टोलीसंग आफ्नो प्रतिक्रिया दिदै स्थानीय अभिभाबक पूर्ण कला गौतमले टोल शिक्षा कार्यक्रमले बालबालिकाको सम्पूर्ण ब्यबहारमा नै परिवर्तन ल्याएको बताएका छिन। "पहिले हाम्रा बालबालिका बिद्यालयबाट घर फर्किने बित्तिकै खाजा खोज्थे अहिले सुरुमा साबुन खोज्छन।" उनले भनिन- यस टोल शिक्षा कार्यक्रमले पढाइमा पनि परिवर्तन आएको छ।"

त्यस्तै बिद्यालयका प्रधानध्यापक तिलक आचार्यले पनि बिद्यालयमा सञ्चालन भएको टोल शिक्षा कार्यक्रमले बालबालिकाको पढाई संगसँगै ब्यबहार र लेखन शैलीमा पनि परिबर्तन आएको बताए।टोल शिक्षा कार्यक्रमले उक्त बिद्यालयको सम्रग बिकासको लागी सहयोग गरेको बिद्यालयले बताएको थियो। बिद्यालयमा टोल शिक्षा कार्यक्रम सञ्चालन भएपश्चात बिद्यार्थीको उपस्थितीमा सुधार आएको तथा सरसफाईको क्षेत्रमा पनि बिद्यार्थीहरुले ब्यबहार परिवर्तन गरेको बिद्यालयका आधारभुत विद्यालय भुरुगांका प्रधानाध्यापक मोहोन कुमार पुनले बताएका छन। त्यस्तै शिक्षण कृयाकलापप्रति बिद्यार्थीको उत्साह बढेको तथा लेखन र बोलाई जस्ता कलामा पनि बिकास भएको प्रअ पुनको भनाई रहेको छ। कक्षा १ देखि कक्षा तीन सम्म ट्यावलेट तथा अन्य प्रबिधिको प्रयोग गरि गरिएको टोल शिक्षा कार्यक्रममा बिद्यार्थी मात्र नभएर अभिभाबकमा पनि सकारात्मक परिबर्तन आएको अर्का टोल शिक्षा कार्यक्रमका सहजकर्ता निर्मला बिष्ट महराले बताएकी छन। कोभिड १९ का लागी शिक्षा प्रतिकार्य कार्यक्रम अन्तर्गत तोल शिक्षा कार्यक्रम अन्तर्गत बिद्यालय अनुगमन अन्तर्गत भूमे गाउपालिकाका उपाध्यक्ष सबिना बुढा तथा भूमे गाउपालिकाका शिक्षा अधिकृत कौशल कुमार तिवारीको पनि सहभागीता रहेको थियो। कार्यक्रममा उपाध्यक्ष बुढाले पनि उक्त कार्यक्रमले सकारात्मक परिवर्तन गरेको पनि बताएकी छन।

रुकुमपूर्वको सिस्ने र भूमे गाउपालिकामा उक्त टोल शिक्षा कार्यक्रम सञ्चालन भएको थियो। भूमे गाउपालिकाका ३३ बिद्यालयमा सञ्चालन भएको उक्त कार्यक्रममा ६९ जना सहजकर्ताले सहजिकरण गरिरहेका थिए। त्यस्तै सिस्ने गाउँपालिका भित्र रहेका करिब ३७ बिद्यालयमा उक्त कार्यक्रम सञ्चालन गरेको थियो।

उक्त कार्यत्रलममा ९७ जना प्रशिक्षकहरुले तालिम प्राप्त गरि टोल शिक्षा कार्यक्रममा सहभागी भएका थिए। त्यस्तै टोल शिक्षा कार्यक्रमबाट ४ हजार ७३५ जना बिद्यार्थी प्रत्यक्ष लाभान्बित भएको कार्यालयले जनाएको छ।

# मुसीकोट खलंगा खानेपानी उपभोक्ता संस्थाको अध्यक्षमा टोपराम नेपाली



■ रेखदेख संवाददाता
**रुकुम**

रुकुम पश्चिमको मुसीकोट खलंगा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको प्रथम साधारण सभा तथा अधिवेशनबाट टोपराम नेपालीको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति सर्बसहतीमा चयन भएको छ।

आईतबार सम्पन्न जिल्ला सदरमुकाम खंलगा स्थित खानेपानीको कार्यालयमा भएको प्रथम साधारण सभा तथा अधिबेशनबाट टोपराम नेपालीको अध्यक्षतामा नौ सदस्यीय नयाँ कार्यसमिति चयन गरिएको हो। जसको उपाध्यक्षमा निर्मल केसी, सचिवमा महेन्द्र राज गौतम, कोषाध्यक्षमा कर्णबहादुर ओली सर्वसम्मत चयन भएको मुसीकोट खलंगा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका नवनिर्वाचित अध्यक्ष टोपराम नेपालीले जानकारी दिएका छन्। उनका अनुसार सदस्यहरुमा सदस्यहरुमा सुरसा गौतम, लक्ष्मी केसी, भारसी बुढा, दुर्गे खड्का र दिपेन्द्र पुन सर्वसम्मत चयन भएको जानकारी दिएका छन्। शनिबार साधारण सभा तथा अधिबेशन मुसिकोट नगरपालिकाका प्रमुख महेन्द्र केसीले उद्घाटन गरेका थिए। मुसीकोट क्षेत्रभित्रमा सञ्चालन गरिएको मुसीकोट खलंगा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका १ हजार २ सय वढी सदस्यता तथा ग्राहक रहेका छन्। मुसीकोट खलंगा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको नेतृत्व छनौटमा चुनावी हुने भनिएपनि सबै पक्षको सहमतीमा सर्बसहतीले नेतृत्व छनोट गरेको हो।

**रेखदेखको ग्राहक बन्न**

समाचारको लागि:
९८४७८७६७१३
९८०९५९२६९८

विज्ञापनको लागि
९८५१२३६७१३
९८४७८७६७१३
९८०९५९२६९८

ग्राहक बन्न:
९८४७८७६७१३
९८०९५९२६९८

## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको विगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

त्रिवेणी गाउँपालिकाको कार्यालय
रुकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल

'सुरक्षित पानी, स्वस्थ जिन्दगानी'

## जनहितमा जारी सन्देश

मौसम परिवर्तनको समयमा विभिन्न रोगहरुको प्रकोप वढ्ने हुँदा सुरक्षित पानीके प्रयोग तथा सुरक्षित व्यबहार अपनाऔं । कोभिड-१९ जस्तो महामारीबाट बच्न र अरुलाई पनि बचाउन बेला बेलामा हात धुने गरौं

**तेज नारायण महतो**
खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय
रुकुम (पश्चिम)

*'बाटो कहाँ जान्छ , त्यहा नजानुहोस् बरू त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन*

## सम्पादकीय

### भुकम्पीय जोखीम न्यूनीकरणमा ध्यान दिऔं

नेपाल भुकम्पीय हिसावले जोखीमपूर्ण देश हो । यसको पुस्ट्याई २०७२ साल बैशाख १२ र २९ गते हामी सबैले भोगिसकेका छौं । त्यतिबेला रुकुम जिल्ला समेत अछुतो रहन सकेन् । रुकुममा समेत २०७२ को भुकम्पले सयौं घर र केहीको ज्यान समेत लिएको तितो सत्य हामी माझ ताजै छ । कमजोर भौगलिक अवस्था रहेको कारण रुकुम भुकम्पीय जोखीमको जिल्ला मानिएको हो । तर यस जिल्लामा भुकम्पको कारण हुने जोखिमलाई न्यूनीकरण गर्न कुनै उपाय अवलम्वन गरेको छैनन् । त्यसको दोषि तपाई हामी नै हो । पछिल्लो समय अव्यवस्थित रुपमा निर्माण भएका भौतिक पूर्वाधारले जिल्ला सदरमुकाम मुसिकोटबजार क्षेत्रलाई थप असुरक्षित बनाएको छ। यस क्षेत्रमा निर्माण हुने भवनहरुमा भवन आचार संहिता लागु हुन नसकेको कारण हामी असुरक्षित बनेका हौं । २०७२ सालमा गएको भुकम्पको बेला त्रि.ज.उ.मा.वि.को खुल्ला चौवर र टुडिखेलको धुलोमा सुत्न बाध्य भएका हामी पछिल्लो समय भुकम्पको जोखिम निमत्याईरहेका छौं ।


हामीले निर्माण गरेका भवनहरु, विद्युत तथा सञ्चार टावरहरुले हामीलाई असुरक्षित बनाईरहेका छन् । बिशेषगरी भवन आचार संहिता सम्वन्धी ज्ञान नहुँनु, खर्च वढी लाग्ने र भुकम्प प्रतिरोधी भवन निर्माण गर्ने दक्ष (जनशक्ति)कामदार नहुँदा भुकम्प प्रतिरोध घर निर्माण नभएका हुन्। रुकुम जिल्लामा पछिल्लो समयमा निर्माण भएका केही सरकारी भवन बाहेक अन्य पुराना सरकारी कार्यालय, विद्यालयहरु, अस्पताल र ग्रामिनस्तरका कुनैपनि घर भुकम्प प्रतिरोधी छैनन् । जिल्लालाई नै केन्द्रिबिन्द्र बनाएर ठुलो भुकम्प आए रुकुमबासीहरुले ठुलो क्षति हुन सक्ने अनुमान जो सुकैले गर्न सक्दछ। जिल्ला सदर मुकाम मुसिकोट खलंगामा प्राबिधिक इस्टमेट समेत नबनाई धमाधम भवनहरु निर्माण बनीरहेका छन् । मुसिकोट बजार क्षेत्रमा निर्माण हुने व्यवसायीक भवनहरु बढी जोखिम रहेका छन्। त्यसैले भुकम्पीय जोखिमबाट बच्न आजैबाट न्यूनीकरणका उपाय अवलम्वन गरौं ।

रेखदेख

**पाठक वर्गमा अनुरोध**

तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरु कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल **९८४७८७६७१३, ९८५१२३६७१३**
**ईमेल** : prabir.rukum@gmail.com वा rekhadekh@gmail.com **मा पठाउनुहोला** । सम्पादक

# दाहालको छलाङ



## गोविन्द अधिकारी

राष्ट्रपति पदका लागि आठ दलको समर्थनमा नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेल र नेकपा (एमाले)का तर्फबाट उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको उमेदवारी परेको छ । पौडेलका प्रस्तावक समर्थक आठ दलमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी, नेकपा (एकीकृत समाजवादी), लोकतान्त्रिक समाजवादी पार्टी , जनमत पार्टी, राष्ट्रिय जनमोर्चा र नागरिक उन्मुक्ति पार्टी छन् । अर्थात्, एमालेका नेम्बाङ एक्लै र पौडेल आठ दलको समर्थनमा चुनाव लड्दै छन् । यसमा अनौठो वा अस्वाभाविक मान्नुपर्ने केही देखिँदैन । तर, यसैमा पनि एमाले नेताहरूले 'मुलुकलाई अस्थिर तातर्फ लैजाने' षड्यन्त्र देख्न थालेका छन् । अरे वाह ! 'तुम करो तो रासलीला हम करैं तो क्यारेक्टर ढिला' लाई पनि जित्ने छाँट पो देखाए त !संसद्को सबैभन्दा ठूलो दललाई सत्ताबाट बाहिर राख्न 'षड्यन्त्र' गर्दा चाहिँ अस्थिर ता सुरु हुने हेक्का भएन ? यद्यपि, सरकार बदलिँदैमा वा कुनै दल सत्तामा नहुँदैमा राजनीतिक अस्थिरता हुने भने होइन । नेकपा (एमाले)का अध्यक्ष खड्गप्रसाद ओलीले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा समर्थन गर्ने वचन दिएको त उतिबेलै सबैले सुनेका थिए। नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल र देउवा दुवैलाई खेलाउँदै उनले अन्तिम घडीमा देउवालाई धोका दिए। ओलीले दिएको धोका 'राजनीतिक चातुर्य' ठहरिने र दाहालले दिएको धोका चाहिँ 'षड्यन्त्र' ? यो त अलि हजम भएन है ! एमालेका नेताहरू आफूले गरेको सबै उचित र अरूले गर्दा बेइमानी अस्थिरताको कारक, देशीविदेशी प्रतिक्रियावादी षड्यन्त्र भन्छन् । अलिकति पनि लाजै नमानी ! गलत हो भने देउवालाई जिल्ल्याएर दाहाललाई प्रधानमन्त्री बनाउनु पनि गलत हो । सही हो भने अहिलेको गठबन्धन पनि सही नै हो ।

सत्य के हो भने अहिलेका राजनीतिक पात्रहरूको चरित्र र प्रवृत्ति नै गलत छ। सिद्धान्तको कुरा गर्दागर्दै उनी 'फर्सी कुहिएको' अवस्थामा पुगेका छन्। देखिएकै छ सबै पार्टीमा तल बाहुबलीको हैकम छ र माथि ठेकेदार र तस्कर निर्णायक हैसियतमा छन्। एमालेले देउवालाई आश्वासनै नदिएर सुरुमै दाहाललाई समर्थन दिएर पनि सरकार बनाईछाड्ने सार्वजनिकरूपमा स्पष्ट पारेको भए अहिलेको अवस्थै नआउन सक्थ्यो । देशको चिन्ता नै थियो भने त संसद्को ठूलो पार्टीले सरकार बनाओस्, हामी विपक्षमा बसेर संसद् चलाउँछौं, राष्ट्रिय महत्त्वका विषयमा साझा धारणा बनाऊँ, राज्यका अङ्ग र निकायहरूको राजनीतिकरण रोकौँ र लोकतान्त्रिक मूल्यमान्यताको पालना गरौँ भनेर कांग्रेस र एमालेका नेताहरूले सहमति गरेका भए आजको विकृति देखिने थियो र ? छाडौँ यस्ता कुरा । नेपालको राजनीति सुध्रिने साइत सायद अझै जुरेको छैन ।

**ओलीको दम्भले बिच्किए दाहाल**

पाइलैपिच्छे मान मर्दन गरेर प्रधानमन्त्री दाहाललाई अलि बढी नै बिच्क्याएका त अध्यक्ष ओलीले नै हो । ओलीका बोली सुन्नेलाई मात्र होइन भावभंगीमा देख्ने सभ्य व्यक्ति जोसुकैलाई पनि अलि असजिलो लाग्न थालेको थियो । प्रधानमन्त्री दाहालका लागि सायद सहनै नसकिने अवस्था भएको थियो। यद्यपि, ओलीको स्वभाव र चरित्र दाहालका लागि नौलो थिएन। यस्तै, एमालेको चुनावी गठबन्धनको सहयात्री राप्रपा त स्वाभाविकरूपमै र ओली तथा राप्रपा अध्यक्ष राजेन्द्र लिङदेनको व्यक्तिगत स्वार्थका कारण पनि सँगै हुने नै भए । दाहाल नेतृत्वको सरकारमा गृहमन्त्री हुँदासमेत रास्वपाको निष्ठा भने दाहालप्रति नभएर ओलीप्रति नै रहेको सबैले बुझेकै थिए ।

आफ्ना उमेदवार 'हकवाला' र स्वाभाविक अनि प्रतिस्पर्धी उमेदवार 'दाउपेच'को भन्ने ओली भाष्यले नेपालको राजनीतिलाई थप दूषित बनाउनेमात्रै हो । ओलीले दाहाललाई प्रधानमन्त्री बनाउने बेलामा अन्तिम क्षणसम्म पनि देउवालाई ढाँटी रहे । दाहालले भने राष्ट्रपतिको प्रसङ्गमा बेलैदेखि राष्ट्रिय सहमतिको पहल गर्नेभन्दै कांग्रेससँग मिल्न सक्ने सङ्केत गरेका हुन् । यसैकारण पनि उनलाई अहिले 'मुलुकलाई अनन्त अस्थिरतातर्फ' धकेलेको आरोप लगाउनु अन्याय हुन्छ । मुलुकको चिन्ता त संसद्को सबैभन्दा ठूलो दललाई सत्ताबाट पन्छाउन चलखेल गरेकै बेला गरेको भए हुन्थ्यो ।जेहोस्, पुष्पकमल दाहाललाई 'किङपिन' बनाएको ओलीले नै हो । अनि, शक्तिशाली बनाएपछि बिच्क्याएको पनि अध्यक्ष ओलीले नै हो। यसैले एमाले नेताहरूले धेरै गुनासो नगरेकै बेस ।

**राप्रपा र रास्वपाको बहिर्गमन**

राष्ट्रिय प्रजातन्त्र पार्टीले नेपालको संविधान, २०७२ का मूल विशेषताहरू धर्मनिरपेक्षता, गणतन्त्र र संघीयता स्वीकारेको छैन र चुनावमा नै आफ्नो मान्यता स्पष्ट जनसमक्ष राखेको छ। यसैले कम्तीमा सैद्धान्तिक पक्षमा राप्रपा स्पष्ट छ । राष्ट्रिय स्वतन्त्र पार्टी भने सैद्धान्तिक रूपमा उति स्पष्ट देखिँदैन । 'व्यवस्था होइन अवस्था बदल्ने' रास्वपाको नारा थियो सायद। यसको अर्थ त त्यस पार्टीले संविधानलाई यथावत् स्वीकारेको छ भन्ने नै लाग्छ तर प्रदेशमा उमेदवार नउठाएको मात्र होइन यसका सभापतिले मत पनि नहालेका कारण संघीयताप्रति विमति छ कि भन्ने सन्देह हुन्छ। नागरिकतासम्बन्धी मुद्दामा पद गएपछि पुनः नियुक्तिको विवादमा प्रधानमन्त्रीसँग विचार नमिलेका कारण रास्वपाका अरू मन्त्रीले पनि राजीनामा दिए पनि सरकारलाई दिएको समर्थन भने रास्वपाले फिर्ता लिएको थिएन । राप्रपाले भने राष्ट्रपति निर्वाचनमा प्रधानमन्त्रीले गठबन्धन परिवर्तन गरेको कारण देखाएर समर्थन फिर्ता गरी सरकार छाडेको छ ।उता एमाले भने सरकारमै छ । प्रधानमन्त्री दाहालले पटकपटक सार्वजनिकरूपमै राष्ट्रपतिको निर्वाचनमा एमालेका उमेदवार लाई सघाउन नसक्ने र चुनावपूर्वको गठबन्धन बनाएको घोषणा गरिसकेका छन्। तैपनि, एमाले अध्यक्ष ओली भने अर्को गठबन्धनको अस्तित्व नै स्वीकार गर्दैनन् । उनका पार्टीका पदाधिकारीहरू चाहिँ प्रधानमन्त्री दाहालको आलोचना अभियानमा जुटिसकेका छन् । प्रधानमन्त्रीसँग असहमति भए पनि कम्युनिस्टहरूले सरकार छाड्ने गरेका छैनन्। विगतमा यसरी संसदीय पद्धतिको मर्यादाविपरीत सत्तामा टाँसिनेमा माओवादी मन्त्रीहरू देखिन्थे । अहिले एमालेका मन्त्रीहरूले तिनको ठाउँ लिए । एमालेसँगको गठबन्धन तोडिएपछि राष्ट्रिय प्रजातन्त्र पार्टीले सरकार छाड्नुका साथै समर्थन पनि फिर्ता लिएको छ । अब नेपालको संविधान, २०७२ को धारा १०० को उपधारा (२) बमोजिम प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्नेछ । सम्भवतः राष्ट्रपतिको चुनावलगत्तै दाहालले विश्वासको मत लिनेछन् र एमालेले त्यतिबेला विपक्षमा मत दिनसक्छ । दाहालले विश्वासको मत चुनावभन्दा पहिले नै लिएर आफ्नो पद सुनिश्चित गर्ने र एमालेलाई सङ्कटमा पार्ने काम पनि सँगै गर्न सक्छन् ।

**भावी राजनीतिक परिदृश्य**

नेपालका राजनीतिक दलका नेताहरूको चरित्र र प्रवृत्ति हेर्दा कसैले पनि यसै भन्न सक्ने देखिँदैन। तैपनि, अहिले देखिएका गठबन्धनहरूलाई सकारात्मक दृष्टिले हेर्दा राजनीतिक ध्रुवीकरणको सम्भावना देखिन थालेको छ । संसद्मा भएका दलहरूमध्ये एमालेसँग राप्रपा र रास्वपाको गठबन्धन वा मोर्चा नबने पनि तालमेल हुनसक्छ। उनीहरूले 'अनुदार परम्परावादी' (कन्जरवेटिभ) शक्तिको प्रतिनिधित्व गर्नसक्छन् । व्यावहारिक राजनीतिको शब्दमा भन्दा संविधानका मूलभूत विशेषता गणतन्त्र, संघीयता र धर्म निरपेक्षताप्रति 'आलोचनात्मक' शक्ति हुन्सक्छन्। अर्कोपट्टि यी विशेषताहरूसहितको संविधानका पक्षमा उभिने दलहरू एउटै मोर्चामा हुनसक्छन्। उनीहरूलाई 'उदार प्रगतिशील' भन्न सकिएला राम्रो शब्दमा भन्दा। यद्यपि, यो लेखिसक्दा नसक्दै कुनै दल अर्को खेमामा पुग्न पनि बेर भने लाग्दैन !

**र अन्त्यमा**

मतदातालाई नहेप ! निर्वाचन हो। मतदाता कसैका दास होइनन्। विवेक प्रयोग गर्न सक्छन्। यसैले कसैले पनि मतदातालाई नहेप र सजिलै चुनाव जित्ने गुड्डी नहाँक। गठबन्धन भत्किनेबित्तिकै सत्तोसराप गर्न पर्छ र ? यसपटक दाहाल अपेक्षाकृत परिपक्व देखिएका थिए । कांग्रेसको उछित्तो काड्न लागेनन्। नभन्दै दुई महिनाभित्रै कांग्रेससँग गठबन्धन बन्यो ।

देउवाको पदलोलुपताले कांग्रेसले सभामुख गुमायो । सरकारहरूमा परिवर्तन हुनेभयो । तर, दाहाललाई राजनीतिक लाभ भयो। कांग्रेसजनमा दाहालप्रति सद्भाव बढेको हुनुपर्छ। प्रतिपक्षमा थन्किएको कांग्रेसलाई सत्तामा ल्याएको जस दाहालले पाउने जो भए। यसपटक भने चित पनि दाहालकै र पट पनि दाहालकै भयो। अर्थात्, दाहालले छलाङ मारे । *बाह्रखरी डटकमबाट*

## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

आठविसकोट नगरपालिकाको कार्यालय
रुकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल

## नेपालको संविधानमा सीमान्तीकृत समुदायको अधिकार

नेपालको संविधानमा सीमान्तीकृत समुदायको अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।

- राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदायलाई सीमान्तीकृत समुदायको रुपमा परिभाषा गरिएको ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका सीमान्तीकृत समुदाय लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- सामाजिक रुपले पछाडि परेका सीमान्तीकृत समुदाय समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- सीमान्तीकृत समुदाय समेतको हक अधिकारको संरक्षण गर्न संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

चौरजहारी नगरपालिकाको कार्यालय
रुकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल

रेखदेख
रुकुमको लोकप्रिय पत्रिका
२०७९ फागुन १५ सोमबार । 26 February 2023 Monday
हामी जे देख्छौं, त्यही लेख्छौं
समाचार ३
www.rekhadekh.com




# मुसीकोट क्षेत्रभित्रका सहकारीका समस्या बुझ्न छलफल



**रेखदेख संवाददाता**
**रुकुम**

रुकुम पश्चिमको मुसीकोट नगरपालिकाले सहकारी क्षेत्रका समस्या चुनौती बुझ्न छलफल गरेको छ । मंगलबार मुसीकोट नगरपालिकाको सभाहलमा एक कार्यक्रमको आयोजना गरेर मुसीकोट नगरक्षेत्र भित्रमा दर्ता भएका सहकारी संस्थाको समस्या, चुनौतिको विषयमा छलफल गरिएको हो । छलफल कार्यक्रममा मुसीकोट क्षेत्रभित्र दर्ता भएका ६२ वटा प्रदेश स्तर र संघ स्तरका सहकारीका सञ्चालक र व्यवस्थापक गरी दुई जनाको सहभागि रहेको आर्थिक विकास शाखाका कर्मचारी लोकबहादुर केसीले जनाए । उनले भने, ३५ वटा सहकारी संस्था सक्रीय रहेका छन्, भने बाँकी केही निष्कृय रहेको उनको भनाई छ । मुसीकोट नरपालिकाका नगप्रमुख महेन्द्र केसीले मुसीकोट क्षेत्र भित्र दर्ता भएका सहकारीहरुलाई सक्रिय बनाउने र निष्कृयलाई खारेजी तथा मर्मजको अभियान चलाउने जनाएका छन् । कार्यक्रममा मुसीकोट नगरपालिकाका प्रमुख महेन्द्र केसी, उपप्रमुख विमल पुन प्रमुख प्रशासकीय अधिकृत विनाराम खड्का लगायतको आथित्यता रहेको थियो । मुसीकोट नगरपालिकाले सहकारी क्षेत्रलाई थप सक्त वनाउने योजना अगाडि सारेको जनाएको छ ।

हिमाली छापाखाना एण्ड स्टेशनरी पसल

हामीकहाँ फोटोकपी, लेमिलेसन, स्क्रिन प्रिन्ट, फोटो प्रिन्ट, पाठ्यपुस्तक, पत्रपत्रिका, कपडाको झोला छपाई, स्टेशनरी सामान, भिजिटीङ्ग कार्ड, विबाह कार्ड, शुभकामना कार्ड, कम्प्युटर टाईपिङ्ग, स्क्यानिङ्ग, एमआरपी फारम भर्नुका साथै इमेल इन्टरनेट सेवा समेत प्रदान गरिन्छ ।

**हिमाली छापाखाना एण्ड स्टेशनरी पसल**
मुसीकोट नपा. -१, तल्लो बजार रुकुम (पश्चिम)
**फोन** ०८८-५३०२६९ वा ९८४७९५४१९९, ९८४७९५४०७१

# रेखदेख साप्ताहिक राशिफल

१५-२१ फागुन २०७९
26 February-6 March 2023

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं.** ९८४७८४४०९५




**मेष :** यो साता रमणीय र सुखद यात्राको योग छ । प्रेम जीवन सुखद् र हनेछ । कहीँकतैबाट कुनै उपहार प्राप्त होला । नजिकको मित्रसँग भेटघाट हुनेछ । नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ । साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ । आर्थिक कारोबारमा मन्दी आउनेछ ।




**वृष :** ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ । साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।




**मिथुन :** शुभ समाचार सुन्न पाइएला । छोटो दुरीको लाभदायक तथा धार्मिक यात्राको योग रहेको छ । उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ । मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ । साताको अन्त्यमा दुष्ट व्यक्तिको सङ्गतिले आत्मघाती काम गर्न पुगिएला ।




**कर्कट :** यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ । माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ । रोकिएका काम पुन: सुरु हुन सक्छन् । पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ । विशिष्ट व्यक्तिको सहयोग मिल्ला । प्रेममा सफलता पनि पाइनेछ ।




**सिंह :** यो साता सामाजिक कार्यमा रुचि बढ्नेछ । रमणीय, सुखद् र धार्मिक यात्राको योग छ । इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला । यो साताका लागि शुभ अङ्क ५,६ र शुभ रङ्ग सेतो वा हरियो हो ।




**कन्या :** यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला । निर्णायक क्षमतामा कमी आउनेछ । मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ । शुभकार्यको चर्चा चल्नेछ ।




**तुला :** यो साता सजिलै अरूको मन जित्न सकिनेछ । नयाँ कार्यको थालनी हुनेछ । अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ । अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ । सहयोगीहरूले काममा साथ दिनेछन् । सामाजिक र राजनैतिक क्षेत्रमा रुचि बढ्नेछ ।




**वृश्चिक :** यो साता प्यारो साथी सँग भेट हुनेछ । रमाइलो यात्राको योग रहेको छ । साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । शेयर बजारको लगानीबाट धन सम्पत्ति हात पर्नेछ ।




**धनु :** यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ । टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ । नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ । शुभ समाचार पनि सुन्न पाइएला ।




**मकर :** यो साता नजिकका व्यक्तिबाट कार्यमा वाधा आइपर्ला । मन खिन्न हुने स्थिति आउनेछ । आर्थिक कारोबारमा मन्दी आउनेछ । साताको मध्यमा शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।




**कुम्भ :** यो साता जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ । बोलीको प्रभाब पनि बढ्दै जानेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । आज धार्मिक कार्यमा रुचि बढ्नेछ । शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ । विशिष्ट व्यक्तिको सहयोग पाइनेछ ।




**मीन :** रोकिएका काम पुन: सुरु हुन सक्छन् । कार्य सम्पादनमा सहजता मिल्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ । साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ ।

## फागुपर्व सभ्य रुपमा मनाऔं।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं।
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं।
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं।
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं।
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं।

चाडपर्वलाई मौलिकरुपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# वैज्ञानिकको निष्कर्ष : च्याउको पनि दिमाग हुन्छ



बोटबिरुवामा पनि प्राण हुन्छ भन्ने कुरा त हामी सबैलाई थाहा छ । तर वनस्पतीहरूले कुराकानी पनि गर्न सक्दछन् भन्यो भने के तपाईंले पत्याउनुहुन्छ ? वैज्ञानिकका अनुसार च्याउहरुले एकआपसमा मानिसले जस्तै कुराकानी गर्दछन् । च्याउले आफ्नो जरा अर्थात् माइसेलियमको माध्यमबाट आपसमा सञ्चार गर्दछन् । अनुसन्धानका क्रममा च्याउसँग आफ्नो मस्तिष्क हुने र महसुस गर्ने चेतना पनि हुने प्रमाणित भएको छ। युनिभर्सिटी अफ वेष्ट इंगल्याण्डका शोधकर्ताहरूका अनुसार च्याउले आफ्नो मस्तिष्कलाई तेज बनाउनका लागि मानिस जस्तै निरन्तर सक्रिय रहेको हुन्छ । त्यस्तै क्वीन्सल्याण्ड युनिभर्सिटीले च्याउका विषयमा गरेको पछिल्लो अनुसन्धान हालै जर्नल अफ न्युरोकेमिस्ट्रीमा छापिएको छ । जस अनुसार हेलेसियम रियासिअस नामक च्याउमा एउटा यस्तो प्रोटिन हुन्छ जसले स्नायुको विकासमा काम गर्दछ । उक्त प्रोटिनलाई न्युरोट्रोफिन्स भनिन्छ । उक्त प्रोटिनयुक्त च्याउको सेवनले मानिसको मस्तिष्क विकासमा समेत काम गर्ने वैज्ञानिकहरुको ठहर । न्युरोट्रोफिन्सले स्नायुहरुको स्वास्थ्य मजबुत राख्ने काम गर्दछ र त्यसको विकासमा भूमिका खेल्दछ ।

यो पदार्थ च्याउको जरामा पनि पाइन्छ र एक अर्कासँग जोडिएको हुन्छ। त्यहीँ नै त्यो लगातार विकास भैरहेको हुन्छ जुन प्रक्रियामा मानिससँग मिल्दोजुल्दो हुन्छ ।मानिसको सरीरमा पनि न्युरोट्रोफिनले मस्तिष्कको विकासमा अहम भूमिका खेलेको हुन्छ । यसको एउटा विशेष प्रकारलाई ब्रेन डिराइभ्ड न्युरोट्रोफिक फ्याक्टर भनिन्छ जुन बोल्न, सम्भिmन तथा निर्णय गर्नमा निकै आवश्यक हुन्छ । खान लायक च्याउका प्रजातिहरुमा रहेका प्रोटिनले लगातार न्युरोनको विकासमा भूमिका खेलिरहेका हुन्छन् । वैज्ञानिकहरुका अनुसार च्याउहरु करिब ५० शब्द बोल्न सक्दछन् ।

उनीहरुका हरेक शब्दको लम्बाइ झण्डै साढे पाँच अक्षरको हुन्छ । यद्यपि मानिसले दैनिक कुराकानीमा करिब २० शब्दको प्रयोग गरेको हुन्छ । च्याउमा विद्युतीय तरंगको माध्यमबाट ती शव्दहरु एकबाट अर्कोसम्म पुग्दछन् । त्यसकै सहयोगमा च्याउहरूले मौसमी खतराको बारेका कुराहरु एक अर्कासम्म पुऱ्याँछन् । एजेन्सी

# शिक्षक संघ रुकुमको अध्यक्षमा खड्का



■ रेखदेख संवाददाता

**रुकुम**

नेपाल शिक्षक संघको अध्यक्षमा डम्बर खड्का सर्वसहमतिमा चयन भएका छन् । गत आईतबार भएको नेपाल शिक्षक संघ रुकुम पशि्चम जिल्लाको नवौं अधिवेशनबाट डम्बर खड्का अध्यक्षतामा १८ सदस्यीय नयाँ कार्यसमिति सर्वसहमतिमा चयन भएको हो । जसमा उपाध्यक्ष महिलामा प्रभा कुमारी थापा क्षेत्री, उपाध्यक्ष शंकर कुमार रावल, सचिवमा खड्कबहादुर डिसी, सचिव अर्थ डिल्लीबहादुर डाँगी, सह सचिव यज्ञबहादुर ओली, सहसचिव अर्थ महिलामा मञ्जु केसी, सहसचिव समावेशीमा मञ्जीत ओली, सुधिर कुमार केसी, सह सचिव महिलामा शारदा पुन, सदस्यहरुमा गणेश खड्का, आशाराम केसी, मानबहादुर ओली, कृष्णबहादुर केसी, बलविर पुन लगायतको नयाँ कार्यसमिति चयन भएको हो ।

त्यस्तै संघीय महाधिबेशन प्रतिनिधीमा तारा चन्द, ठकेन्द्र प्रसाद आचार्य, शारदा आचार्य र खिमबहादुर खड्का चयन भएका छन् । भने प्रदेश प्रतिनिधीमा मानबहादुर चन्द , आशिराम ओली, दामोदर शर्मा, विमला गौतम, जयकुमारी ओली चयन भएका छन् । नब निर्वाचित नयाँ कार्यसमितिलाई नेपाली काँग्रेस प्रदेश महामन्त्री कृष्णबहादुर रोकाय, नेपाली काँग्रेस जिल्ला कार्यसमितिका सभापति प्रेमप्रकाश ओली, नेपाली काँग्रेसका नेता तथा पुर्व राज्यमन्त्री गोपाल जीजंग शाह लगायतले बधाई तथा सफल कार्यकालको शुभकामना ब्यक्त गरेको जनाएको छ। रुकुम पशि्चममा नेपाल शिक्षक संघका केन्द्र सदस्य धिरेन्द्र शाही केन्द्रीय प्रतिनिधीको रुपमा खटिएका थिए ।


## भाका नाघेको कर्जा चुक्ता गर्ने बारेको २१ दिने अत्यन्तै जरुरी सूचना

प्रथम पटक प्रकाशित मिती : २०७९ फागुन १५

डिग्रे शाईकुमारी वचत तथा ऋण सहकारी संस्था लिमिटेडको केन्द्रिय कार्यालय र सेवाकेन्द्र कार्यालयहरुमा तपसिल वमोजिमका व्यक्तिले निम्न उद्देश्यका लागी विभिन्न मितिमा कर्जा लिई हाल सम्म कर्जा नवुझाई भाका नाघी निम्न लिखिए अनुसारको रकम बुझाउने सम्वन्धमा सम्वन्धित कार्यालयले पटक-पटक लिखित पत्राचार साथै टेलिफोन सम्पर्क द्वारा ताकेता गर्दासम्म पनि आलटाल गरी वुझाउनुपर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा पाउनुपर्ने अन्य रकम समेत नवुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितीले २१ दिन भित्र आफुले वुझाउन वाँकी साँवा, व्याज तथा अन्य रकम समेत सम्वन्धित कार्यालयमा गएर चुक्ता गर्नुहुन सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सार्वजनिक सूचना प्रकाशित गरिएको म्याद भित्र रकम दाखिला हुन नआएमा सहकारी ऐन, नियमावली, तथा संस्थाको विनियम तथा नीति अनुसार कर्जा असुलीको लागी धितो लिलाम विक्री गरि असुल उपर गरिने व्यहोरा यसै सुचना द्वारा जानकारी गराइएको छ ।

| ऋणीको नाम | पूर्णबहादुर विक | फोटो |
|---|---|---|
| ठेगाना | सिस्ने ६ रुकुम पूर्व |  |
| वावु /पति | भक्तबहादुर नेपाली | |
| वाजे/ससूरा | मनविर कामी | |
| उद्देश्य | कृर्षिकर्जा | |
| कर्जा नं. | ७१-०००३९-८ | |
| वाँकी साँवं रु | ५,६६,४२६। | |
| व्याज, हर्जना रु | ६१,०७२। | |

| ऋणीको नाम | दलबहादुर नेपाली | फोटो |
|---|---|---|
| ठेगाना | मुसीकोट १, रुकुम पश्चिम |  |
| वावु /पति | बसन्त दमाई | |
| वाजे/ससूरा | तुलराम दमाई | |
| उद्देश्य | व्यापार | |
| कर्जा नं. | ७२-००३३९-७ | |
| वाँकी सावां रु | १,४३,७७२। | |
| व्याज, हर्जना रु | ८४२५। | |

| ऋणीको नाम | खड्कबहादुर कुसारी |  |
|---|---|---|
| ठेगाना | आठविसकोट ९ रुकुम पश्चिम | |
| वावु /पति | रातो कुसारी | |
| वाजे/ससूरा | लोकबहादुर कुसारी | |
| उद्देश्य | निर्माण कर्जा | |
| कर्जा नं. | ७१-०००१३-२ | |
| वाँकी साँवा रु | २,२०,०१२। | |
| व्याज, हर्जना रु | ४७७७५। | |

| ऋणीको नाम | प्रमिला वुढा |  |
|---|---|---|
| ठेगाना | साविक पोखरा ७, हाल मुनपा १, रुकुम पश्चिम | |
| वावु /पति | दलबहादुर वुढा | |
| वाजे/ससूरा | शक्तबहादुर वुढा | |
| उद्देश्य | कृर्षिकर्जा | |
| कर्जा नं. | ७१-००३९३-१ | |
| वाकी साँवा रु. | ९५,०००। | |
| व्याज, हर्जना रु. | ५९,७७७ | |

**डिग्रे शाईकुमारी वचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**मुसीकोट न.पा. १ खलंगा रुकुम (पश्चिम)**



## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

जिल्ला स्वास्थ्य कार्यालय
रुकुम (पश्चिम)


रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसीकोट नगरपालिका. १, मिडियाचोक रुकुम (पश्चिम) फोन नं : ९८४७८७६७१३ इमेल : rekhadekh@gmail.com, prabir.rukum@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम